जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ९१ • २०८३ साल भाद्र ३ गते बुधबार (19 August, Wednesday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५/-

## रेडक्रसका पूर्वपदाधिकारी पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल रेडक्रस सोसाइटीका पूर्वअध्यक्ष सञ्जिव थापासहित पाँच पूर्वपदाधिकारीलाई प्रहरीले पक्राउ गरेको छ । केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले जनाए अनुसार रेडक्रसको जग्गा खरिदमा अनियमितता तथा ठगी गरेको आरोपमा उनीहरूलाई पक्राउ गरिएको छ ।

सीआईबीले जनाए अनुसार भक्तपुरको जग्गा खरिदका क्रममा बिचौलियामार्फत ६ करोड ३२ लाख ८१ हजार २५० रुपैयाँ भुक्तानी गरिएकोमा १ करोड ९३ लाख ७५० रुपैयाँ बिचौलियाले लिएको पाइएको छ । यसका साथै, नापी कार्यालयबाट जग्गा जाँच गर्दा फिल्डमा उल्लेखित क्षेत्रफलभन्दा कम जग्गा रहेको भेटिएको छ ।

पक्राउ पर्नेमा सञ्जिव थापासहित राजेश देशमरु, उमेशप्रसाद ढकाल, मदनकृष्ण फोजु र इन्द्रबहादुर केसी रहेको सीआईबीले जनाएको छ ।

### सुनसरी-सिरहा घटना रिपोर्ट

# सिराहामा प्रहरीकै गोलीबाट नाबालक यादवको मृत्यु, कारबाही सिफारिस

**टुडे समाचारदाता**

जनकपुरधाम । दुई समुदायबीचको तनावका क्रममा सिराहामा मृत्यु भएका नाबालक १५ वर्षीय गणेश यादवको ज्यान प्रहरीकै गोलीबाट गएको छानबिन समितिले निष्कर्ष निकालेको छ । सरकारले सहसचिव पुष्पराज शाहीको नेतृत्वमा गठन गरेको छानबिन समितिले घटनास्थलका सीसीटीभी फुटेज, प्रत्यक्षदर्शीका बयान, स्थानीयले खिचेका भिडियो तथा पोस्टमार्टम र ब्यालेस्टिक परीक्षणका आधारमा यादवलाई लागेको गोली प्रहरीतर्फबाट चलेको पुष्टि गरेको छ ।

समितिले घटनाका क्रममा पेस्तोल बोकेर परिचालन भएका सुरक्षाकर्मीमाथि कारबाही गर्नसमेत सिफारिस गरेको छ । यद्यपि, कुन अधिकारीलाई कस्तो प्रकृतिको कारबाही गर्ने भन्ने विषय प्रतिवेदनमा स्पष्ट रूपमा उल्लेख गरिएको छैन ।

कोशी प्रदेशको सुनसरीस्थित देवानगञ्जमा दुई समुदायबीच भएको झडप क्रमशः मधेश प्रदेशका विभिन्न जिल्लामा समेत फैलिएको थियो । त्यसै क्रममा साउन १४ गते सिराहामा तनाव उत्पन्न हुँदा गणेश यादवको मृत्यु भएको थियो ।

घटनापछि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीमध्ये कसको गोली लागेर यादवको मृत्यु भयो भन्ने विषय विवादित बनेको थियो । सुरक्षाकर्मीले त्यस दिन हवाई फायर भएको स्वीकार गरे पनि यादवलाई लागेको गोलीको जिम्मेवारी कसैले लिएका थिएनन् ।

छानबिनमा संलग्न एक अधिकारीले घटनास्थलका दृश्य प्रमाण र प्रत्यक्षदर्शीको बयानले प्रहरीतर्फबाट गोली चलेको देखाएको छ । पोस्टमार्टममा संलग्न चिकित्सकको राय तथा ब्यालेस्टिक परीक्षणले समेत यादवको मृत्यु पेस्तोलबाट प्रहार भएको गोलीका कारण भएको देखाएको समितिको निष्कर्ष छ ।



सो समितिमा नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशालाका विज्ञलाई समेत सहभागी गराएर गोलीको प्रकृति र स्रोतबारे परीक्षण गरिएको थियो । त्यसबाट घटनास्थलमा अन्यत्रबाट गोली चलेको प्रमाण नदेखिएको समितिका अधिकारीहरूको भनाइ छ ।

सिराहामा तनाव नियन्त्रणका क्रममा नेपाल प्रहरी र सशस्त्र प्रहरीले गरी २० राउण्ड हवाई फायर गरेको बताइए पनि सुरक्षाकर्मीबाटै गोली चलेको हो वा होइन भन्ने विषयमा स्पष्टता नहुँदा घटनाको अनुसन्धान जटिल बनेको थियो ।

गोली प्रहारको जिम्मेवारी कसैले नलिएपछि सरकारले गठन गरेको छानबिन समितिले घटनाको प्राविधिक पक्षलाई समेत अनुसन्धानको दायरामा ल्याएको थियो । प्रधानमन्त्री बालेन्द्र साह र गृहमन्त्री सुधन गुरुङले पनि घटनाबारे चासो देखाउँदै सत्यतथ्य पत्ता लगाउन निर्देशन दिएका थिए ।

गोली कसले चलाएको भन्ने विषयमा अन्योल देखिएपछि समितिमा नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशालामा कार्यरत थप दुई अधिकारीलाई सहभागी गराइएको थियो ।

प्रहरी निरीक्षक दीपेश अवस्थी र प्रहरी उपरीक्षक मनोहरसिंह धामीलाई ब्यालेस्टिक तथा फरेन्सिक परीक्षणको जिम्मेवारी दिइएको थियो । यसअघि समितिमा नेपाल प्रहरीका एसपी मोहनकुमार थापा, सशस्त्र प्रहरीका एसपी नरेश भण्डारी, नेपाल प्रहरीको केन्द्रीय विधि विज्ञान प्रयोगशालाका डीएसपी पवनकुमार ढुंगाना तथा गृह मन्त्रालयका उपसचिव कुलशेखर अर्याल सदस्य थिए ।

प्राविधिक परीक्षणसंगै घटनास्थलको भिडियो, सीसीटीभी, प्रत्यक्षदर्शीको बयान र अन्य उपलब्ध प्रमाणलाई अध्ययन गरेर समितिले निष्कर्ष निकालेको छ ।

छानबिन समितिका एक अधिकारीले घटनामा जिम्मेवारी लिएर बयान दिन सुरक्षाकर्मीहरू शुरुमा हिच्किचाउनुको एउटा कारण कारबाहीमा पर्ने डर पनि हुन सक्ने देखिएको छ ।

सो समितिले त्यस दिन पेस्तोल बोकेर परिचालन भएका अधिकारीहरूको भूमिकाबारे प्रश्न उठाउँदै आवश्यक कारबाही गर्न सिफारिस गरेको छ । गोली चलाउने क्रममा कमान्ड तथा परिचालनसम्बन्धी निर्णय कसरी भएको थियो भन्ने विषयलाई समेत समितिले गम्भीरतापूर्वक हेरेको बताइएको छ ।

छानबिन समितिले भविष्यमा यस्ता घटना दोहोरिन नदिन भिड नियन्त्रणका क्रममा गैरघातक हतियारको प्रयोगलाई प्राथमिकता दिन सुझाव दिएको छ ।

सुनसरी र सिराहाका घटनाबारे अध्ययन गर्ने समितिले भिड नियन्त्रणमा घातक हतियार प्रयोग गर्नुभन्दा पहिले उपलब्ध गैरघातक विकल्पको अधिकतम प्रयोग गर्नुपर्नेमा जोड दिएको छ ।

त्यस्तै, गोली चलाउने निर्णयको अधिकार फिल्ड कमान्डरलाई नै स्पष्ट रूपमा दिनुपर्ने सुझावसमेत दिइएको छ । हाल प्रमुख जिल्ला अधिकारीसंग अधिकार भए पनि उनीहरू फिल्डमा प्रत्यक्ष रूपमा नखटिँदा सुरक्षाकर्मी र प्रशासनबीच समन्वयमा समस्या देखिएको समितिको ठहर छ ।

समितिका एक सदस्यका अनुसार फिल्डमा परिचालित सुरक्षा निकायलाई नै निश्चित जिम्मेवारी र अधिकार दिएर जवाफदेही बनाउने व्यवस्था आवश्यक रहेको सुझाव प्रतिवेदनमा समेटिएको छ ।

सो प्रतिवेदनले भिड नियन्त्रण तथा शान्ति सुरक्षा कायम गर्ने क्रममा नेपाल प्रहरी र सशस्त्र प्रहरीको जिम्मेवारीसमेत स्पष्ट रूपमा निर्धारण गर्नुपर्ने औंल्याएको छ ।

मधेशमा तनाव चर्किनुअघि साउन १० गते राति सुनसरीको देवानगञ्ज-४ मा दुई समुदायबीच झडप भएको थियो। स्थिति नियन्त्रणमा लिन गएको प्रहरी टोलीमाथि नै आक्रमण भएपछि प्रहरी टोली पछि हटेको बताइएको थियो ।

त्यसपछि पुगेको सशस्त्र प्रहरीको टोलीले २० राउण्ड फायर गरेको थियो । उक्त घटनामा ३० वर्षीय ओमप्रकाश मेहताको मृत्यु भएको थियो भने नौ जना स्थानीय घाइते भएका थिए। उपचारका क्रममा थप दुई जनाको मृत्यु भएको थियो ।

सुनसरीको घटनामा सुरक्षाकर्मीबाट भएको गोली प्रहार र त्यसपछि भएको जनधनको क्षतिले मधेशका विभिन्न क्षेत्रमा आक्रोश बढाएको थियो ।

# एकता घोषणापछि जसपा नेपालभित्र अन्तरविरोध

**टुडे समाचारदाता**

जनकपुरधाम । तत्कालीन जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबीच लामो समयदेखि कायम राजनीतिक अन्योल र विभाजनको अवस्थालाई अन्त्य गर्दै भएको एकता सम्पन्न भएको केही समयमै त्यसको औचित्यमाथि प्रश्न उठ्न थालेको छ ।

दुई दलबीचको एकतालाई मधेश केन्द्रित राजनीतिक शक्तिलाई पुनः एकीकृत गर्ने महत्वपूर्ण प्रयासका रूपमा व्याख्या गरिए पनि एकतापछि देखिएको असन्तुष्टि, निष्क्रियता र निर्णयप्रतिको असहमतिको प्रभाव प्रदेश तहसम्मै देखिन थालेको छ ।

यसको पछिल्लो उदाहरण लुम्बिनी प्रदेशमा देखिएको छ । जसपा नेपालले लुम्बिनी प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको घोषणा गरेको केही समयमै प्रदेशसभा सदस्य सन्तोषकुमार पाण्डेले सरकारलाई समर्थन कायमै रहेको धारणा सार्वजनिक गरेपछि पार्टीभित्रको अन्तरविरोध सतहमा आएको छ ।

पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिँदै आफ्ना प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीको पक्षमा मतदान नगर्न निर्देशन दिएको थियो । तर रुपन्देही निर्वाचन क्षेत्र नम्बर ३ (१) बाट निर्वाचित पाण्डेले पार्टीको निर्णय र निर्देशनविपरीत लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्रीले मागेको विश्वासको मतको पक्षमा मतदान गरेपछि जसपा नेपालले उनीसँग स्पष्टीकरण मागेको छ ।

लुम्बिनी प्रदेश सरकारले २०८३ भदौ १ गते विश्वासको मत लिने क्रममा जसपा नेपालले आफ्ना सांसदलाई विपक्षमा मतदान गर्न निर्देशन दिएको थियो । पार्टीको ह्विपविपरीत सरकारको पक्षमा मतदान गरेको भन्दै केन्द्रीय कार्यालयले पाण्डेलाई सात दिनभित्र स्पष्टीकरण पेस गर्न निर्देशन दिएको छ ।

पार्टीका महासचिव डा. सुरेन्द्रकुमार झाले हस्ताक्षर गरेको पत्रमा पाण्डेसँग मुख्यतः चार विषयमा जवाफ मागिएको छ । पार्टीको स्पष्ट निर्देशनविपरीत सरकारको पक्षमा मतदान गर्नुको कारण के हो, पार्टी निर्णयको अवज्ञा गरेकाले अनुशासन उल्लंघनको कारबाही किन नगर्ने, पार्टी विधानको धारा १२६ बमोजिम अनुशासनात्मक कारबाही किन नगर्ने र पत्र प्राप्त भएको मितिदेखि सात दिनभित्र स्पष्टीकरण किन पेस नगर्ने भन्ने प्रश्न पार्टीले उठाएको छ ।




पार्टीले तोकिएको समयभित्र चित्तबुझ्दो स्पष्टीकरण नआए वा प्राप्त स्पष्टीकरण सन्तोषजनक नभए विधान तथा प्रचलित निर्णयअनुसार आवश्यक कारबाही अघि बढाउने चेतावनीसमेत दिएको छ ।

लुम्बिनीको पछिल्लो घटनाले एकीकृत जसपा नेपालको केन्द्र र प्रदेश तहबीचको राजनीतिक बुझाइमा देखिएको फरकलाई समेत उजागर गरेको छ । केन्द्रले समर्थन फिर्ता लिने निर्णय गरेपछि प्रदेशका सांसदले त्यसको विपरीत सरकारलाई समर्थन गर्ने धारणा राख्नुले पार्टीको निर्णय कार्यान्वयनमा प्रश्न उठाएको छ ।

पाण्डेको मतदानलाई पार्टी नेतृत्वले अनुशासन उल्लंघनका रूपमा लिएको छ भने प्रदेशको राजनीतिक परिस्थिति, सत्ता समीकरण र स्थानीय आवश्यकताका आधारमा फरक निर्णय लिन खोजिएको हुन सक्ने राजनीतिक वृत्तमा चर्चा छ । यद्यपि पार्टीको आधिकारिक निर्णयविरुद्ध मतदान गरेपछि त्यसको जवाफदेहिता पाण्डे स्वयंले स्पष्टीकरणमार्फत दिनुपर्ने भएको छ ।

लुम्बिनीको यस घटनाले एकता घोषणा भए पनि पार्टीभित्र सबै तहमा राजनीतिक एकरूपता कायम भइसकेको छैन भन्ने संकेत गरेको छ । विशेषगरी पूर्वजसपा र पूर्वलोसपाबाट आएका नेता-कार्यकर्ताबीचको समायोजन, जिम्मेवारी बाँडफाँट र राजनीतिक भूमिकाको व्यवस्थापन अझै चुनौतीपूर्ण देखिएको छ ।


जसपा नेपाल र लोसपा नेपालबीचको एकता लामो समयदेखिको विभाजन अन्त्य गर्ने उद्देश्यसहित भएको थियो । दुवै दलका नेताहरूले एकतालाई मधेश तथा पहिचान, संघीयता, समावेशिता र सामाजिक न्यायका मुद्दालाई बलियो राजनीतिक शक्तिका रूपमा अघि बढाउने अवसरका रूपमा प्रस्तुत गरेका थिए ।


तर एकता सम्पन्न भएलगत्तै पार्टीभित्र असन्तुष्टिका स्वर सुनिन थालेका छन् । पूर्वदुबै दलका केही शीर्ष नेता एकतापछि सक्रिय राजनीतिक भूमिकाबाट टाढिँदै निस्क्रिय बनेको र केही नेताले सामाजिक सञ्जाल तथा सार्वजनिक मञ्चमार्फत एकताको औचित्यमाथि नै प्रश्न उठाउन थालेको अवस्था छ ।

विशेषगरी एकतापछि नेतृत्व संरचना, संगठनात्मक समायोजन, जिम्मेवारी बाँडफाँट तथा राजनीतिक कार्यदिशाका विषयमा सबै पक्ष समान रूपमा सन्तुष्ट हुन नसकेको देखिन्छ । विगतमा एउटै राजनीतिक शक्तिभित्र रहेका नेताहरू विभाजित भएर अलग-अलग दल निर्माण गर्न पुगेको पृष्ठभूमिमा भएको पुनःएकताले स्वाभाविक रूपमा ठूलो अपेक्षा जगाएको थियो । तर पुराना विवाद र अविश्वास पूर्ण रूपमा अन्त्य नभएको अवस्थामा एकता भएकाले अहिले त्यसको असर देखिन थालेको विश्लेषण हुन थालेको छ ।

राजनीतिक रूपमा लुम्बिनीको घटना एउटा प्रदेशसभा सदस्यले पार्टी निर्देशन नमानेको विषयमा सीमित देखिए पनि यसको सन्देश त्यसभन्दा व्यापक छ । एकीकृत पार्टीले केन्द्रबाट गरेको निर्णय प्रदेश र स्थानीय तहसम्म कति प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्छ भन्ने प्रश्न यसले उठाएको छ ।

पार्टीभित्र असन्तुष्ट रहेका नेताहरू निष्क्रिय बन्ने, सार्वजनिक रूपमा फरक धारणा राख्ने र प्रदेश तहमा समेत केन्द्रीय निर्णयप्रति फरक व्यवहार देखिने क्रम बढ्दै गएमा एकताको राजनीतिक औचित्यमाथि नै थप प्रश्न उठ्न सक्ने जोखिम छ ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**


## सम्पादकीय

# मदरसाको छानबिन गर

नेपालको तराई/मधेशमा अनगिनत मदरसा र मस्जिद खोलिएको छ मदरसा र मस्जिद खोल्न तीन तह मध्ये कुनै तहको सरकारसित अनुमति लिएको देखिदैन। मुस्लिम धर्मावलम्बीहरुले अध्ययन गर्ने स्थल मदरसा र नमाज पढ्ने स्थल मस्जिद हो। तर मदरसा र मस्जिदको सञ्चालनको स्रोत अदृश्य छ। मदरसामा पढ्ने बालबालिका र मस्जिदमा रहने मौलवीलगायतका मानिसहरुको भरणपोषणको व्यवस्थाबारे समेत खुल्ला स्रोत छैन। मदरसा र मस्जिदमा रहने मानिसहरुले चन्दा दिएको भरमा ती धार्मिक संस्थाहरु सञ्चालनमा छैन। मदरसामा पढाउने मौलवी र मस्जिदमा रहने मौलवी, मुल्लाहरुको खानपानलगायतका लागि पर्याप्त रकम चाहिन्छ। स्थानीय स्तरबाट त्यसको कुनै स्रोत रहेको देखिदैन। मदरसा र मस्जिदमा हुने खर्चको स्रोत हालसम्म खोजिएको छैन। मदरसामा पढ्ने बालबालिकाहरुको शिक्षा निःशुल्क हुन्छ। मस्जिदमा पनि मौलवीहरुले भरणपोषणका लागि मोटो रकम तलबको रुपमा प्राप्त गर्छन्। तर त्यो रकम आउने स्रोत कुन हो ? त्यसबारे तथ्यहरु सार्वजनिक गरिदैन। नेपालमा पनि मदरसा र मस्जिदमा अन्य देशका आपराधिक प्रवृत्ति भएका मानिसहरु बस्छन्। कयौं पटक मस्जिद र मदरसाबाट गैरनेपाली मानिसहरु पक्राउ समेत परेका छन्। तैपनि सरकारले त्यसको अनुगमन गर्दैन। मदरसा र मस्जिदको हरेक गतिविधिलाई पारदर्शी बनाउनु पर्छ। त्यहाँ प्राप्त हुने रकम र त्यसको खर्चको विवरण अनिवार्य रुपमा सार्वजनिक हुनुपर्छ। मस्जिद र मदरसा अथवा त्यसका सञ्चालक मौलवीहरुको बैंक खाताको निगरानी हुनुपर्छ। मदरसा र मस्जिद पछिल्लो समयमा धार्मिक हिंसा भड्काउने अड्डा बनेको छ। विदेशबाट आपराधिक मानिसहरु आएर बस्ने, स्थानीयहरुलाई विभिन्न प्रलोभन र धार्मिक उन्मादको विषयमा शिक्षा दिने लगायतका धन्धा गर्छन्। उनीहरुले स्थानीय मुसलमान युवाहरुलाई मोटिभेसन गरी धार्मिक विषपान गराउने र हिन्दूहरुको विभिन्न धार्मिक कार्यहरुमा हिंसात्मक घटनाहरु गराउन दुरुत्साहन गर्छन्। नेपाल भारतको सीमाको नजिकका गाउँहरुमा मदरसा र मस्जिदको संख्या अत्यधिक छ। बाहिरबाट झट्ट हेर्दा मस्जिद देखिए पनि मदरसा देखिदैन। मदरसा र मस्जिदमा सेल्टर लिएर ठूल्ठूला आपराधिक क्रियाकलापहरु भइरहेको आरोप लाग्दै आएको छ। तीनै तहको सरकारले मदरसा र मस्जिदलाई कडाइका साथ नियमित रुपमा अनुगमन गर्नुपर्छ। गैर नेपाली नागरिकलाई मदरसा र मस्जिदबाट धपाउनु पर्छ। उनीहरुले नेपाली नागरिकता पनि लिएको हुन सक्छ। त्यसको पनि छानबिन हुन आवश्यक छ। नेपालमा बढेको धार्मिक हिंसाहरुमा मदरसा र मस्जिदहरुको ठूलो हात रहेको देखिन्छ। मुसलमानहरुले निर्वाध रुपमा धार्मिक गतिविधिहरु गर्दै आएका छन्। तर हिन्दूहरुले धार्मिक गतिविधि गर्दा मुस्लिमहरुले हिंसात्मक आक्रमण गरी विथोल्ने प्रयास गर्छन्। त्यस्ता सबै गतिबिधि मदरसा र मस्जिदबाट नै हुने भएकाले सरकारले कडाइका साथ नियमन र अनुगमन गर्नुपर्छ।

## मधेशमा पाकिस्तानी तबलिगीजमातको सक्रियता :

# समप्रदायीक सुरक्षा, समाज र राजनीतिक सन्दर्भमा उब्जिएका प्रश्न



अनिल तिवारी

केहि महिना अगाडि बारा जिल्लाको जितपुर सिमरा गाउपाकिकामा इस्तेमाको आयोजना भयो ।आयोजकले यो इस्तेमा मुलकी इस्तेमा भएको प्रशासनलाई जनाए ।तर इस्तेमामा पाकिस्तान र बंगलादेशबाट आएका कतिपय जमातहरु सहभागी भए। तर त्योकुरा लुकाइयो।

नेपालको तराई-मधेश क्षेत्रमा पछिल्लो समय तबलिगी जमातको गतिविधि बढेको भन्ने सूचनाले सुरक्षा तथा सामाजिक वृत्तमा नयाँ बहस जन्माएको छ। विशेषगरी पाकिस्तानबाट पर्यटन भिषमा काठमान्डौ ओर्लेका सबै जमातको पहिलो रोजाई पुर्वी वा मध्यतराई पर्दो रहे छ।

सुनसरीको घटना भन्दा दुइ जमात त्यसक्षेत्रमा भ्रमण गरेको नेपालको सुरक्षा एजेन्सीहरुले गरेको रिर्पोटिग भारतीय संचार माध्यहरुको दाबी छ ।पाकिस्तानबाट आएको भनिएको सात सदस्यीय टोलीले विभिन्न जिल्लामा भेटघाट तीव्र बनाए पछि यसले केवल धार्मिक गतिविधि मात्र हो कि त्यसपछाडि अन्य आयाम पनि छन् भन्ने प्रश्न उठ्न थालेको छ।

तबलिगी जमातको स्थापना सन् १९२७ मा उत्तरी भारतमा इस्लाम फैलाउनको लागि गरिएको थियो । त्यस कारणले यो जमात विश्वव्यापी रूपमा इस्लाम धर्मको प्रचार-प्रसारसँग सम्बन्धित एक गैर-राजनीतिक धार्मिक आन्दोलनका रूपमा चिनिन्छ । दक्षिण एशियाका विभिन्न देशहरूमा यसको गतिविधिलाई लिएर फरक-फरक दृष्टिकोण पाइन्छ। केही देशहरूले यसलाई पूर्ण रूपमा धार्मिक अभियानका रूपमा स्वीकार गरेका छन् भने केहीले सुरक्षा संवेदनशीलताको आधारमा निगरानीमा राखेका छन् । तबलिगी जमात धेरै वटा इस्लामिक देशहरुमा नै प्रतिबन्धित संगठन हो। नेपालमा भने यसको गतिविधिबारे स्पष्ट सरकारी धारणा सार्वजनिक भएको छैन ।तर बिदेशीलाई धार्मिक प्रचार प्रसारको नाममा भिषा प्रदान गर्ने नियम छैन ।तर पनि पर्यटन भिषामा पाकिस्तानी र बंगलादेशको जमात आउने क्रम बढदो छ।

मधेश क्षेत्रमा देखिएको पछिल्लो पाकिस्तानी सक्रियताले स्थानीय स्तरमा दुई प्रकारका प्रतिक्रिया जन्माएको देखिन्छ । एकातर्फ मुस्लिम समुदायका अगुवाहरूले यसलाई धार्मिक सन्देश फैलाउने नियमित गतिविधिका रूपमा व्याख्या गरेका छन् । उनीहरूका अनुसार अशान्ति र हिंसाको पृष्ठभूमिबाट आएका व्यक्तिहरूले 'अमनचैन'को सन्देश फैलाउनु स्वाभाविक हो।

अर्कोतर्फ, केही हिन्दू संगठन तथा नागरिक समाजका प्रतिनिधिहरूले यसलाई सतर्कताका साथ हेर्नुपर्ने तर्क दिदै सरकारलाई सर्त गराउदै आएका छन्। उनीहरूको तर्कमा, अचानक बढेको गतिविधिले धार्मिक संवेदनशीलता चर्काउन सक्छ र सामाजिक सद्भावमा असर पार्ने कुरा स्वभावीक हो।

यसबीच, सुरक्षा दृष्टिकोणबाट पनि केही प्रश्नहरू उठेका छन् । स्रोतहरूका अनुसार पाकिस्तानसँग सम्बन्धित समूहहरूको गतिविधि, विगतका निर्वाचन र आगामी स्थानीय तह निर्वाचनका सम्भावित समीकरणबारे सूचनाहरू संकलन भइरहेको दाबी गरिएको छ। यद्यपि यस्तो दाबीलाई पुष्टि गर्ने आधिकारिक आधार सार्वजनिक भइसकेको छैन । नेपाल सरकार वा सुरक्षा निकायले यसबारे औपचारिक प्रतिक्रिया नदिएकाले सूचना र अनुमानबीचको दूरी अझै स्पष्ट हुन बाँकी छ।

दुई उदाउँदा महाशक्ति राष्ट्रहरूबीच अवस्थित स्थलको रुपमा रहेको शान्त हिमाली राष्ट्र नेपाल भूराजनीतिक बफरका रूपमा रहेको सर्वविदित छ । नेपालको आन्तरिक स्थिरताले भारत र चीनबीचको व्यापक क्षेत्रीय सन्तुलनमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले यसको रणनीतिक महत्त्व निरन्तर बढिरहेको छ।

विगत केही वर्षमा नेपाल पाकिस्तानको इन्टर-सर्भिसेस इन्टेलिजेन्स (आइएसआइ) का लागि महत्वपूर्ण रणनीतिक अग्रभागका रूपमा समेत देखा परेकोको बिषयमा चर्को बहस हुन थालेको छ।

भारतसँगको १,७५१ किलोमिटर लामो खुला सीमा, नेपाल भारत बिच बेटि रोटीको सम्बन्ध तुलनात्मक रूपमा सहज, सुन्य भिसा नीति तथा सीमा सुरक्षाका कमजोरीहरूको फाइदा उठाउँदै आइएसआइले नेपाल र खास गरेर मधेसलाई गैरकानुनी गतिविधि सञ्चालन गर्ने, सुरक्षित आश्रयस्थलका रूपमा प्रयोग गर्ने गरेको छ ।पाकिस्तानले सिमाक्षेत्रमा रहेका अफ्ना एजेन्टहरुको माध्यमबाट खुला आवत जावत र ट्रान्जिटका लागि उपयोग गर्ने गरेको समय समयमा हुने घटनाले प्रमाणित गर्दै आएको छ।

सन् २०११ मा विकिलिक्स मार्फत सार्वजनिक गरिएका अमेरिकी कूटनीतिक केबलहरूमा नेपाललाई सन् १९९९ को विमान अपहरणको योजनामा प्रयोग गरिएको र यसले नेपालको अन्तर्राष्ट्रिय प्रतिष्ठामा गम्भीर क्षति पुऱ्याएको उल्लेख भएको दाबी गरिएको थियो।

त्यसैगरी 'स्टार्टफोर' नामक विश्वव्यापी गुप्तचरसम्बन्धी कम्पनीको जुन २००० को रिपोर्ट तथा सन् २००१ मा १६ किलो आरडिएक्स सहित पक्राउ परेका पाकिस्तानी कूटनीतिज्ञको घटनाले पनि अन्तर ाष्ट्रिय आपराधिक सञ्जालहरूले नेपालको कमजोरीको दुरुपयोग गरेको देखाएको दाबी गरिएको छ।

हालैका घटनाहरूले नेपाल भारत सिमामा पकिस्तानी जासुसीलाई झन प्रमाणि गर्दै आएको छ ।सेप्टेम्बर २०२५ मा प्रभात कुमार चौरसिया जासुसी तथा सिमकार्ड घुसपैठसम्बन्धी मोड्युल, सन् २०२५ को मध्यतिरको अन्सुरुल मियाँ अन्सारी मोड्युल, जुन २०२६ मा शेख सकिमको पेस्तोलसहित गिरफ्तारी तथा अप्रिल २०२६ मा कपिलवस्तु सीमा क्षेत्रमा उच्च मूल्यका सुनका गहना चोरी प्रकरणमा भएको गिरफ्तारी–ले आइएसआई समर्थित भनिएका पाकिस्तनी जासुसी अपरेटरहरूको विभिन्न बहानाका कार्यशैलीमा सक्रिय रहेको संकेत सिमाको सुरक्षालाई झन सम्बेदनशिल बनाएको छ।




जेनजि आन्दोलन पछिको नवनिर्वाचित नेपाल सरकारले आफ्ना छिमेकी राष्ट्रहरूसँगको भावी द्विपक्षीय सम्बन्धको दिशा तय गरिरहेको वर्तमान अवस्थामा विदेशी गुप्तचर निकायको भारतको सबै भन्दा बढि सम्बेदनशिल मानिने चिकेन नेकमा बढदो सक्रियताले दुबै देशका सुरक्षा निकायहरुलाई सम्बेदनशिल बनाउनु स्वभावीक नै हो।

विश्वमै नेपाल भारत बिच रहेको अनौठो सम्बन्धलाई बदनाम गराउने प्रोक्सीवारद्धारा नेपाली भूमि प्रयोग गरिरहनुले काठमाडौं माथि दिलीको ठूलो दबाब सिर्जना गर्न सक्छ ।भारतीय संचार माध्यमहरुमा आइरहेको समाचारबाट नेपाललाई सम्वेदन शिल हुन जरुरी देखिन्छ।

विदेशी गुप्तचर निकायहरूले नेपालको सार्वभौमसत्ता तथा आन्तरिक स्थिरतालाई कमजोर पार्न नपाऊन् भन्ने सुनिश्चित गर्नु नेपालको तत्कालीन सुरक्षा प्राथमिकताका रूपमा लिनु उपयुक्त हुन्छ।

अर्को चिन्ताजनक पक्षका रूपमा नेपालको धार्मिक तथा जनसांख्यिक संरचनामा भइरहेको क्रमिक परिवर्तनलाई प्रस्तुत गरिएको छ । आधिकारिक जनगणनाका तथ्याङ्कलाई आधार मान्दै सन् २००१ देखि २०२१ सम्म मुस्लिम जनसंख्यामा ५५.५ प्रतिशत वृद्धि भएको र यसको करिब ७५ प्रतिशत तराई क्षेत्रमा बसोबास गर्ने दाबी गरिएको छ। उपलब्ध तथ्याङ्कअनुसार नेपालमा ९११ वटा दर्ता भएका र अनुमानित २,५०० देखि ३,००० वटा दर्ता नभएका मदरसा रहेको तथा औसत रूपमा प्रत्येक ७ देखि ८ बालबालिकाका लागि एउटा मदरसा रहेको दाबी गरिएको छ।

यसले एउटा महत्वपूर्ण प्रश्न उठाउँछ–यी मस्जिद तथा मदरसाहरूको निर्माणका लागि रकम कहाँबाट प्राप्त भइरहेको छ ? व्यापक रूपमा यस्तो रकम जकात/सदकाह, परोपकारी संस्था तथा ट्रस्ट, विदेशी दाता र इस्लामिक परोपकारी संस्थाहरूबाट प्राप्त हुने गरेको दाबी गरिन्छ, जसमा मुख्यतः साउदी अरेबिया, कतार, संयुक्त अरब इमिरेट्स र कुवेतका स्रोतहरू उल्लेख गरिन्छ । यी आर्थिक प्रवाहको नियमन र पारदर्शिताको विषय चिन्ताजनक रहेको बताइएको छ। के सरकारले यस्ता आर्थिक स्रोतको जाँच, अनुगमन र नियमन गर्न कुनै नियामक निकाय गठन गर्ने योजना बनाएको छ, वा धार्मिक पूर्वाधारको तीव्र विस्तार यसैगरी निरन्तर चलिरहनेछ ?

नेपालमा हुने सम्प्रदायीकता उत्पन्न गरेर 'हिन्द-मुस्लीम'बिचका फाटो देखाएर नेपालका मुस्लीम कमजोर छन,यहाँ धेरै दमन भयो,भने बिदेशबाट पैसा कमाउने केहि धार्मिक 'एनजिओ-आइएनजिओ' हरुको कुन्ठित योजनाबाट दुबै तिरका समाज र सरकार सजग हुनु पर्दछ ।तराईमा खुलेका एजिओहरुको गहन निगरानी हुनु पर्ने होइन र ?

नेपाली सरकारले ठूला स्तरका बिदेशी सहभागीतावाला तब्लिगी इज्तिमा (सामूहिक धार्मिक सभा) माथि प्रतिबन्ध लगाएको वा अनुमति दिन अस्वीकार गरेको भए पनि पाकिस्तान तथा बंगलादेशबाट आउने तब्लिगी जमातका सदस्यहरू तीनदेखि चार महिनासम्म नेपालमा बस्ने गरेको बताइन्छ । उपलब्ध स्रोतअनुसार काठमाडौंस्थित नेपाली जामे मस्जिदका मुफ्ती अबु बकर कास्मी तथा यस्तै संस्थासँग सम्बन्धित अन्य स्थानीय सहयोगीहरू विदेशी जमातको स्वागत, व्यवस्थापन तथा नेपालगन्ज, रौतहट, वीरगन्ज, बारा र विराटनगर जस्ता तराईका क्षेत्रमा उनीहरूको आउ जाउ बाक्लो हुने गरेको अरोप छ।

हालै सुनसरीमा दुर्भाग्यपूर्ण हिंसात्मक साम्प्रदायिक झडप भएको थियो, जसको छानबिन गर्न सरकारले समिति समेत गठन गरेको छ। यद्यपि, अर्को दाबीअनुसार टर्कीमा रहेका पाकिस्तानी धर्मगुरु मोहम्मद इलियास घुमानले जुलाई २०२६ मा काठमाडौं तथा नेपालको सीमा क्षेत्र, विशेषगरी रौतहट,सप्तरी लगायत पुर्वी तराईमा भ्रमण गरेका थिए । उपलब्ध सूचनाअनुसार घुमानलाई पाकिस्तानमा सुरक्षा निकायका कर्मचारीहरूको लक्षित हत्यामा संलग्न अतिवादी तथा ज्षदर्गा ःगवबजष्मभभल, ज्बचपबत-गा-ब्लकबच / ज्बचपबत-गा-ःगवबजष्मभभल जस्ता अमेरिका लगायत विभिन्न देशले प्रतिबन्ध लगाएका आतंकवादी संगठनसँग सम्बन्धित व्यक्ति भनेर दाबी गरिएको छ।

यस भ्रमणपछि जुलाई २६, २०२६ मा कोशी तथा मधेश क्षेत्रमा सुनसरीमा भएको हिंसात्मक साम्प्रदायिक झडपमा पाँच जनाको तत्काल मृत्यु भएको घटनासँग उनको भ्रमणलाई जोडेर प्रश्न उठाइएको छ। के यो केवल संयोग हो वा कुनै सम्बन्ध छ ? नेपालभित्र भइरहेका यस्ता घटनालाई सुरक्षा निकायहरूले गम्भीरतापूर्वक आत्मसमीक्षा र अनुसन्धान गर्न आवश्यक छ।

उपलब्ध दाबीअनुसार घुमानले नेपालमा रहेका आफ्ना सम्पर्क व्यक्तिहरूलाई काठमाडौं, रौतहट र नेपालगन्जमा नयाँ मस्जिद निर्माण गर्न निर्देशन दिएका थिए, जसले भविष्यमा विदेशी जमातको आवतजावतलाई सहज बनाउन सक्ने भनिएको छ। यसले भविष्यमा पाकिस्तानबाट आउने जमातको आवृत्ति अझ बढ्ने हो कि भन्ने प्रश्न उठाउँछ। नेपालको कुल मुस्लिम जनसंख्या करिब ६ प्रतिशत मात्र रहेको अवस्थामा धार्मिक संरचनामा असमानुपातिक रूपमा लगानी गर्न चाहने व्यक्ति वा संस्थाको पहिचान र त्यसको उद्देश्यबारे सरकारले गम्भीर अध्ययन गर्न आवश्यक देखिन्छ।

हालको सुरक्षा अवस्थाले विशेषगरी रोहिंग्यालगायत कागजात विहीन आप्रवासीहरूको अनियमित प्रवेशतर्फ पनि ध्यानाकर्षण गराएको छ।

नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले समेत यस विषयमा चिन्ता व्यक्त गरेको उल्लेख गरिएको छ। त्यसपछि ७ अगस्ट २०२६ मा नेपालमा अवैध रूपमा बसोबास गरिरहेका ५२६ जना रोहिंग्याबारे समाचार सार्वजनिक भएको दाबी गरिएको छ । सीमा क्षेत्रबाट नेपालको भित्री भूभाग हुँदै राजधानीसम्म भएको यस्तो आवागमन एकै रातमा भएको हुन सक्दैन। वरिष्ठ सुरक्षा अधिकारीहरूले कागजातविहीन विदेशी नागरिकको उपस्थितिबारे पटक-पटक चेतावनी दिँदै आएका छन्। यसले नेपालको आन्तरिक सुरक्षा र कानुन कार्यान्वयनमा गम्भीर चुनौती सिर्जना गर्नुका साथै भविष्यमा कूटनीतिक सम्बन्धमा समेत नकारात्मक प्रभाव पार्न सक्छ।

मुस्लिम कट्टरपन्थी संगठन, पूर्वाधार विकास, धार्मिक प्रवचन तथा अन्य गतिविधिको आवरणमा आइएसआइले नेपाललाई कम लागतमा उच्च प्रभाव हासिल गर्ने प्रोक्सी क्षेत्रका रूपमा प्रयोग गरिरहेको आरोप भारतीय मिडियाहरुको दाबी छ । यसलाई नेपालको सुरक्षा संयन्त्रको जरा कमजोर पार्ने दीर्घकालीन चुनौतीका रूपमा गम्भीरतापूर्वक लिन आवश्यक छ।

ऐतिहासिक घटनाक्रम, कट्टरपन्थीकरण, जनसांख्यिक परिवर्तन, धार्मिक पूर्वाधारको अनियन्त्रित विस्तार, अपारदर्शी आर्थिक प्रवाह तथा डिजिटल माध्यममा फैलिने अतिवादी सामग्रीसमेतलाई समेटेर हेर्दा नेपालले आफ्नो सुरक्षा प्रणालीलाई थप सुदृढ र नियमनमुखी बनाउन आवश्यक देखिन्छ। आइएसआई तथा अन्य विदेशी गुप्तचर निकायका सम्भावित भूमिगत सञ्जाललाई पहिचान गर्न प्रभावकारी सूचना संयन्त्र, वित्तीय निगरानी, सीमा सुरक्षा तथा डिजिटल सुरक्षा प्रणाली विकास गर्नुपर्ने आवश्यकता छ।

सरकारले यी घटनाक्रमलाई गम्भीरतापूर्वक स्वीकार गरी अध्ययन गर्नुपर्छ, सम्भावित कट्टरपन्थी तत्वको प्रवेश तथा गतिविधिमाथि कानुनअनुसार रोक लगाउनुपर्छ र उदीयमान चुनौती न्यूनीकरणका लागि स्पष्ट रणनीति विकास गर्नुपर्छ। अन्यथा, सुनसरीजस्तो अर्को गम्भीर घटना दोहोरिन धेरै समय नलाग्न सक्छ।

समग्रमा, अहिलेको अवस्था 'सूचना' र 'आधिकारिक पुष्टि'बीचको संक्रमणकालीन चरणमा देखिन्छ। त्यसैले यस विषयलाई अतिरञ्जित वा सामान्यीकृत दुबै नगरी तथ्यमा आधारित विश्लेषण आवश्यक छ। सरकारले स्पष्ट धारणा सार्वजनिक गर्नु, सुरक्षा निकायले पारदर्शी रूपमा निगरानी राख्नु र समुदायबीच संवाद बढाउनु अहिलेको आवश्यकता देखिन्छ।

अन्ततः, नेपालजस्तो बहु-सांस्कृतिक समाजमा कुनै पनि धार्मिक गतिविधि आफैंमा समस्या होइन, तर त्यसले सामाजिक सद्भाव, सुरक्षा र राजनीतिक स्थिरतामा पार्ने सम्भावित प्रभावलाई समयमै बुझेर सन्तुलित ढंगले व्यवस्थापन गर्नु नै दीर्घकालीन समाधानको आधार बन्न सक्छ।

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज व्यापार-व्यवसायमा नयाँ अवसर प्राप्त हुनेछन्। |
| वृष : | प्रतिस्पर्धा र कार्यक्षेत्रमा तपाईको प्रभाव बढ्नेछ। |
| मिथुन : | बौद्धिक तथा सिर्जनात्मक कार्यमा ठुलो सफलता मिल्नेछ। |
| कर्कट : | पारिवारिक मामिला र घरायसी काममा बढी समय बित्नेछ। |
| सिंह : | पराक्रम, उत्साह र साहस वृद्धि हुनेछ। |
| कन्या : | आर्थिक दृष्टिकोणले दिन लाभदायक रहनेछ। |
| तुला : | मनमा उर्जा, उत्साह र नयाँ विचार हरुको सञ्चार हुनेछ। |
| वृश्चिक : | खर्चमा केही वृद्धि हुन सक्छ । स्वास्थ्य विशेष ध्यान दिनुहोला। |
| धनु : | आम्दानीका नयाँ मार्गहरु खुल्नेछन्। |
| मकर : | कार्यक्षेत्र र करियरमा ठुलो सफलता मिल्ने योग छ। |
| कुम्भ: | धार्मिक, आध्यात्मिक तथा परोपकारी कार्यमा रुचि बढ्नेछ। |
| मीन: | विशेष गरी खानपान र यात्रा गर्दा सावधानी अपनाउनु होला। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सशस्त्र प्रहरीका अधिकारी र वाईवा 'बेष्ट इन्ट्रिग्रिटी अवार्ड' बाट सम्मानित



टुडे समाचारदाता

वीरगञ्ज । सशस्त्र प्रहरी बल नेपालका प्रहरी नायब उपरीक्षक विकास अधिकारी र सशस्त्र प्रहरी निरीक्षक उत्तर वाईवा लाई 'बेष्ट इन्ट्रिग्रिटी अवार्ड कार्यक्रम २०८३' बाट सम्मानित गरिएको हो ।

वीरगंज उद्योग वाणिज्य संघले सशस्त्र प्रहरी उपरीक्षक स्वर्गीय सुमन थपलियाको स्मृतिमा स्थापना गरेको उक्त अवार्डबाट अधिकारी र वाईवालाई नगद २५ हजार रुपैयाँ, सम्मान-पत्र सहित पुरस्कृत गरिएको हो ।

वीरगंज उद्योग वाणिज्य संघ र सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेक्वा. पर्साले संयुक्त रुपमा आयोजना गरेको कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता बाहिनीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक विष्णुप्रसाद भट्ट र वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले अधिकारीलाई सम्मान गरेका हुन ।

अवार्ड प्रदान गर्दै संघका अध्यक्ष गौतमले सशस्त्र प्रहरी उपरीक्षक स्वर्गीय सुमन थपलियाले सुरक्षा क्षेत्रमा पुऱ्याएको योगदान र राष्ट्र सेवाप्रतिको समर्पणलाई चिरस्थायी बनाउन अवार्ड कार्यक्रम संचालन गरिएको बताउनु भयो । उहाँले निजी क्षेत्र र सरकारी सुरक्षा निकायबीच आपसी सहकार्य, समन्वय र विश्वासलाई थप मजबुत बनाएर अघि बढ्नुपर्नेमा जोड दिएका हुन ।

कार्यक्रममा सशस्त्र प्रहरी नायब महानिरीक्षक विष्णुप्रसाद भट्टले सशस्त्र प्रहरी बलले सीमा सुरक्षासँगै विपद् व्यवस्थापन, उद्धार तथा नागरिक सुरक्षाका क्षेत्रमा समेत प्रभावकारी भूमिका निर्वाह गर्दै आएको बताउनु भयो । उहाँले सुरक्षा निकाय र निजी क्षेत्रबीचको सहकार्यले मुलुकको आर्थिक तथा सामाजिक विकासमा समेत सकारात्मक योगदान पुग्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रमको समापन गर्दै सशस्त्र प्रहरी उपरीक्षक मोहनबहादुर क्षेत्रीले सशस्त्र प्रहरी कर्मचारीले संगठनको मूल्य, मान्यता र अनुशासनलाई आत्मसात् गर्दै कर्तव्य निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले इमानदारी, निष्ठा र कर्तव्य परायणतालाई प्रोत्साहन गर्ने उद्देश्यले स्थापना गरिएको 'बेष्ट इन्ट्रिग्रिटी अवार्ड' ले सशस्त्र प्रहरी कर्मचारीमा सकारात्मक ऊर्जा र जिम्मेवारीबोध बढाउने विश्वास व्यक्त गर्नुभयो ।

सशस्त्र प्रहरी उपरीक्षक स्वर्गीय सुमन थपलियाको वि.सं. २०८० भदौ २ गते सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वार्टर पर्सामा कार्यरत रहेकै अवस्थामा निधन भएको थियो । स्व. थपलियाको योगदान र स्मृतिलाई सम्मान गर्दै वीरगंज उद्योग वाणिज्य संघले 'बेष्ट इन्ट्रिग्रिटी अवार्ड' स्थापना गरिएको हो ।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका महासचिव शिवजीप्रसाद साह, सहसचिव नरेश टिवडेवाल, संघका प्रमुख प्रशासकीय अधिकृत मनोज उपाध्याय, नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका उपाध्यक्ष सञ्जय अग्रवाल, पत्रकार प्रणय कुमार लगायत सशस्त्र प्रहरीका विभिन्न तहका अधिकारी, प्रहरी प्रमुख तथा संचारकर्मीहरुको उपस्थिति रहेको थियो ।

# लामिछानेको राजीनामा प्रकरण : उजुरीपछि पदबाट हटाइएको दाबी




टुडे समाचारदाता

वीरगञ्ज । वीरगन्ज महानगरपालिकाका शिक्षा प्रमुख आनन्द लामिछानेले कार्यवाहक प्रमुख इम्तियाज आलमले भने अनुसार काम गर्न नसकेपछि राजीनामा दिएको भन्ने सार्वजनिक दाबीप्रति कार्यवाहक मेयरको सचिवालयले गम्भीर आपत्ति जनाएको छ ।

सचिवालयले लामिछानेले राजीनामा दिएको नभई विभिन्न गम्भीर उजुरी तथा स्पष्टीकरणपछि महानगरपालिकाले उनलाई शिक्षा प्रमुखको जिम्मेवारीबाट हटाएको दाबी गरेको हो । कार्यवाहक मेयर आलमले जिम्मेवारी सम्हालेपछि विभिन्न विद्यालय, शिक्षक तथा सर्वसाधारणबाट लामिछानेविरुद्ध लिखित उजुरी परेको सचिवालयले जनाएको छ ।

उजुरीमा लामिछानेले विभिन्न काम गरिदिएबापत रकम माग गरेको तथा रकम नदिएपछि लामो समयसम्म कामहरू अलपत्र पारेको आरोप लगाइएको बताइएको छ । उजुरी परेपछि कार्यवाहक मेयर आलम र प्रमुख प्रशासकीय अधिकृतले लामिछानेलाई मौखिक स्पष्टीकरण सोधेका थिए । तर, उनले दिएको जवाफ सन्तोषजनक नभएपछि महानगरपालिकाले साउन १४ गते, चलानी नम्बर ५७९ को पत्रमार्फत उनलाई शिक्षा प्रमुखको पदबाट हटाएको सचिवालयको भनाइ छ ।

महानगरपालिकाले शिक्षा प्रमुखको जिम्मेवारी तत्कालका लागि सोही कार्यालयमा कार्यरत सृजना बुढाथोकीलाई दिएको जनाएको छ। यद्यपि, बुढाथोकी हाल बिदामा रहेको सचिवालयले स्पष्ट पारेको छ । सचिवालयले लामिछानेले आफ्नो गतिविधिमाथि भइरहेको आन्तरिक छानबिनलाई प्रभावित पार्न तथा विषयलाई राजनीतिक रंग दिएर कार्यवाहक मेयर आलमको बदनाम गर्ने उद्देश्यले सञ्चारमाध्यममा भ्रमपूर्ण अभिव्यक्ति दिएको आरोपसमेत लगाएको छ ।

कार्यवाहक मेयरका प्रेस सल्लाहकार सदाब हुसैनले लामिछानेले वास्तवमै राजीनामा दिएको भए त्यसको प्रमाण सार्वजनिक गर्नुपर्ने बताएका छन् । "यदि आनन्द लामिछानेले साँच्चै राजीनामा दिएका हुन् भने राजीनामा पत्र कहाँ छ? उनले त्यो सार्वजनिक गर्नुपर्छ," हुसैनले भने ।

शिक्षा क्षेत्रमा देखिएका बेथिति र सम्भावित अनियमितताबारे महानगरपालिकाले आन्तरिक छानबिनलाई तीव्र बनाएको उनको भनाइ छ । सचिवालयले लामिछाने निर्दोष भए छानबिनमा सहयोग गर्नुपर्ने र दोषी देखिए कानुनी कारबाहीको सामना गर्नुपर्ने बताएको छ ।

# विभिन्न कार्यक्रम गरी तुलसी जयन्ती मनाइदैं



टुडे समाचारदाता

जनकपुरधाम । सन्तशिरोमणि गोस्वामी तुलसीदासको जयन्ती रामानन्दीय श्री वैष्णव संघले जनकपुरधाममा विविध धार्मिक तथा आध्यात्मिक कार्यक्रम आयोजना गरी मनाउने भएको छ ।

संघले मंगलबार जनकपुरधाम-८ स्थित सन्त तुलसी स्मारक सदनमा पत्रकार सम्मेलन आयोजना गर्दै भदौ ३ गते बुधबार तुलसीदास जयन्ती महोत्सव मनाउन लागिएको जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा संघका अध्यक्ष रामरोशन दास वैष्णवले सन्त तुलसीदासले रामभक्तिको माध्यमबाट सनातन धर्म, संस्कार र आध्यात्मिक चेतनाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गर्दै उहाँको योगदानलाई नयाँ पुस्तासम्म पुऱ्याउने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको बताए । अध्यक्ष दासका अनुसार महोत्सवअन्तर्गत साउन २६ गतेदेखि भदौ ३ गतेसम्म दैनिक बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म श्री रामचरितमानस नवाह पारायण पाठ भइरहेको छ । अपराह्न ४ बजेदेखि राति ८ बजेसम्म बधाई, कथा, कीर्तन तथा सत्सङ्गलगायतका कार्यक्रम सञ्चालन गरिनेछ । महोत्सवमा विभिन्न विद्वान् तथा वक्ताहरूबाट धार्मिक तथा आध्यात्मिक प्रवचनसमेत हुने संघले जनाएको छ । भदौ ३ गते बिहान विशेष पूजा, श्री रामानन्दीय वैष्णव संघको पाठ, बधाई तथा प्रसाद वितरण कार्यक्रम राखिएको छ ।

त्यसैगरी दिउँसो शोभायात्रा आयोजना गरिनेछ । शोभायात्रामा बाजागाजा, संगीत, प्रवचन तथा धार्मिक उपदेशलगायतका कार्यक्रम सञ्चालन हुने अध्यक्ष दासले जानकारी दिए । उनले महोत्सवमा श्रद्धालु, धर्मप्रेमी, साधुसन्त तथा सर्वसाधारणलाई सहभागी भई कार्यक्रमको शोभा बढाउन आग्रह गरेका छन् ।

संघका अनुसार सन्त तुलसी स्मारक सदन जनकपुरधाम-८ मा आयोजना हुने महोत्सवमा धार्मिक प्रवचन, रामचरितमानस पाठ, कीर्तन, सत्सङ्ग र शोभायात्रालगायतका कार्यक्रम मुख्य आकर्षणका रूपमा रहनेछन् ।

# गणेश युवा कमिटीका सबै पदाधिकारी निर्विरोध



टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका-४रामचोकस्थित श्री गणेश युवा कमिटीको १० औँ कार्यसमितिका लागि अध्यक्षसहित सबै पदाधिकारी तथा सदस्य निर्विरोध निर्वाचित भएका छन् ।

कमिटीको निर्वाचनका लागि २०८३ भदौ ६ गते शनिबारका लागि निर्वाचन तोकिएकोमा कुनै थप उम्मेदवारी नपर्दा सबै पदाधिकारी निर्विरोध निर्वाचित भएका हुन् । निर्वाचन समितिले प्रकाशित गरेको उम्मेदवारको नामावली अनुसार सबै पदमा एकल उम्मेदवारी परेपछि उनीहरू निर्विरोध निर्वाचित भएका हुन् ।

निर्वाचनबाट राम सोगारथ साह (पप्पु) अध्यक्षमा निर्विरोध निर्वाचित भएका छन् । त्यस्तै संजय कुमार साह (पुरी) उपाध्यक्ष, अशोक कुमार श्रेष्ठ महासचिव, लक्ष्मी कुमार साह सचिव र विष्णु कुमार मण्डल कोषाध्यक्षमा निर्विरोध निर्वाचित भएका छन् ।

यसैगरी कार्यसमिति सदस्यमा रजित कुमार गुप्ता, लक्ष्मण साह, अरुण साह, राकेश कुमार भगत, लालबाबु साह र विजय कुमार साह निर्विरोध निर्वाचित भएका छन् ।

निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृत सन्तोष कुमार साहले उम्मेदवारको नामावली सार्वजनिक गर्दै सबै पदमा एकल उम्मेदवारी परेकाले सम्बन्धित उम्मेदवारहरू निर्विरोध निर्वाचित भएको जनाएका छन् ।

# बाराका पुडासैनीले जिते १० लाखको उपहार




टुडे समाचारदाता

जनकपुरधाम । संघीय सरकारले अघि बढाएको करदाता प्रोत्साहन कार्यक्रम अन्तर्गत दोश्रो चरणको रु. १० लाखको उपहार मधेश प्रदेश बारा जिल्लाका तुला पुडासैनीले जितेका छन् ।

सरकारले साउन १६ देखि ३१ गतेसम्मको खरीददाता मध्ये अर्थ मन्त्रालयमा सोमबार छनौट गरिएको कुपन नम्बरका आधारमा आन्तरिक राजस्व विभागले १ लाखदेखि १० लाख रूपैयाँको बम्पर उपहार विजेताहरूको नाम मंगलवार सार्वजनिक गरेका हुन् ।

विजेताहरूको नाम सार्वजनिक गरे अनुसार १० लाख रूपैयाँको बम्पर विजेता बाराका तुल पुडासैनी रहेका छन् । उनले १० लाख रूपैयाँमा २५ प्रतिशत आकस्मिक लाभकर कट्टी गरेर ७ लाख ५० हजार रूपैयाँ पाउने छन् ।

त्यस्तै, १ लाख ३३ हजारको दैनिक पुरस्कार प्राप्त गर्ने १६ जनाको नाम पनि सार्वजनिक गरिएको छ । उनीहरूले २५ प्रतिशत लाभकर तिरेर १ लाख रूपैयाँ प्राप्त गर्ने छन् । एकलाख रुपैयाको १६ जनाले उपहार जितेका छन् ।

एक लाख रूपैयाँ जित्नेहरूमा सप्तरीका योगेश विश्वकर्मा, हेटौंडाका दिनेश तामाङ, काठमाडौंकी अस्क्रना लामा, काठमाडौंकी भगवती सापकोटा, बाँकेका रहिम महमद हवारी, बाँकेकै महेशकुमार पौडेल छन् ।

त्यस्तै, काठमाडौंका राजेन्द्र थापा, शिवनारायण बडही मिस्त्री, कमल तामाङ, रमेशकुमार कानु, मनिष गौतम र चक्रबहादुर शाहीले पनि एक लाख रूपैयाँ जितेका छन् ।

रूपन्देहीका चुडामणि दानाई, सुर्खेतका घनश्याम तिवारी, महोत्तरीका राकेशकुमार सिंह, चितवनका विकास गुरूङले पनि एक लाख रूपैयाँ विजेता बनेका छन् ।

पुरस्कार छनोटमा परेका बिलहरूमध्ये सबभन्दा कम २०० रूपैयाँको छ भने सबभन्दा बढी २० हजार रूपैयाँको छ ।


## कर्मचारी आवश्यकता

श्री मिथिला सामुदायिक संस्था (SMCO), चक्रघट्टा-२, सर्लाही

१. पद - सर्भेयर/गणक (Surveyor/Enumerator) – केही संख्या

कार्यस्थल: मधेश प्रदेश (३-४ हप्ताका लागि, दैनिक भत्ताको आधारमा)

योग्यता: स्वास्थ्य, सामाजिक विज्ञान वा शिक्षा आदि विषयमा स्नातक वा सोसरहको शैक्षिक योग्यता।

सीप: कम्प्युटरसम्बन्धी सीप अनिवार्य।

आफ्नो बायोडाटा (CV) ईमेल गर्नुहोस्:
mithilacommunityorganization@gmail.com

कृपया ३ दिनभित्र इमेलमार्फत आफ्नो CV पठाउनुहोला; छनोटमा परेका उम्मेदवारहरूलाई मात्र सम्पर्क गरिनेछ।
विवरणका लागि वेबसाइट हेर्नुहोस्: smco.org.np



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय लहान, सिराहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०५/०३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८३/०१/१० को अन्नपूर्ण पोष्ट राष्ट्रिय राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

### तपसिल

**ऋणीको विवरण**

सिरहा जिल्ला, साविक असनपुर गा.वि.स. वडा नं. ७ हाल गोलबजार न.पा. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा मिति २०७५/०६/२२ मा प्रा.फ.र.नं. ८७९४ २०७५ ०७६ तथा आन्तरिक राजश्व कार्यालय लहानमा मिति २०७५/०६/२५ मा स्थायी लेखा नम्बर (PAN) ६०८६०९४८३ अन्तर्गत दर्ता कायम भएको **ॐ ट्रेड सेन्टर** ।

**प्रोप्राईटर : इश्वर चन्द्र लाल**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. मेथुरा लाल कर्णको नाति, वद्री नारायण कर्णको छोरा, सिराहा जिल्ला, अयोध्यानगर गा.पा./न.पा. वडा नं. ३ बस्ने **इश्वर चन्द्र लाल** (ना.प्र.नं. १६६१, जारी मिति २०४४/१२/०९, जि.प्र.का. सिराहा) । | २. वद्री नारायण कर्णको बुहारी, इश्वर चन्द्र लालको पत्नी, सिराहा जिल्ला, साविक चन्द्रअयोध्यापुर गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, अयोध्यानगर न.पा./गा.पा. वडा नं. ३ बस्ने **कल्पना** (ना.प्र.नं. ३२४७, जारी मिति २०४५/०१/१४, जि.प्र.का. सिराहा) । |

**धितोको विवरण**

१. इश्वर चन्द्र लाल (ना.प्र.नं. १६६१, जारी मिति २०४४/१२/०९, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक अयोध्यानगर गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९ क स्थित कि.नं. ९७७ को क्षेत्रफल ०-२-५-० (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. ॐ ट्रेड सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०५/१७ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय लहान, सिराहामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०५/१८ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय लहान, सिराहामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शूल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय लहान, सिराहामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

शाखा कार्यालय : लहान, सिराहा
फोन नं. ०३३-५६०९६९
Website : www.siddharthabank.com

# खर्च कटौती गर्न ३२ प्रतिशत कर्मचारी घटाइयो

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारका कार्यालयहरुमा कर्मचारी अपुग रहेकै अवस्थामा वित्तीय अनुशासन र प्रशासनिक सुधारका लागि खर्च कटौती गर्न कर्मचारी दरबन्दी घटाइएको छ । अर्थ मन्त्रालयले आफ्नो कर्मचारी दरबन्दीमा करिब ३२ प्रतिशत कटौती गरेको छ ।




प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत सरकारी निकायमा न्यूनतम १५ प्रतिशत कर्मचारी दरबन्दी घटाउने नीति लिएपछि अर्थ मन्त्रालयले त्यसको कार्यान्वयन आफ्नै कार्यालयबाट सुरु गरेको हो ।

अर्थमन्त्री युवराज भट्टराईका अनुसार मन्त्रालयको वास्तविक कार्यबोझको तुलनामा कर्मचारीको दरबन्दी बढी रहेकाले पुनरावलोकन गरी दरबन्दी कटौती गरिएको हो । यसबाट प्रदेश सरकारको प्रशासनिक खर्च घट्नुका साथै मन्त्रालयको कामकारबाही थप छरितो र प्रभावकारी हुने विश्वास गरिएको उनले बताए ।

'प्रदेशसँग सीमित स्रोत साधन छ । तर, विगतमा आधारबिना दरबन्दी सिर्जना गरिएको अवस्था देखियो,' मन्त्री भट्टराईले भने, 'कामको पर्याप्त भारसमेत नहुने अवस्थामा कर्मचारीको ठूलो संरचना राखिरहन आवश्यक छैन । त्यसैले सुधारको सुरुवात आफ्नै मन्त्रालयबाट गरेका हौँ ।'

मन्त्रालयले आर्थिक अनुशासन कायम गर्न र सार्वजनिक स्रोतको अनावश्यक खर्च रोक्न विभिन्न सुधारका कदम अघि बढाएको जनाएको छ । आर्थिक वर्षको अन्त्यमा हुने अन्धाधुन्द रकमान्तरलाई नियन्त्रण गर्न थालेपछि अर्थ मन्त्रालयले वित्तीय अनुशासनको विषयमा सकारात्मक सन्देश दिएको दाबी गरेको छ ।

मन्त्री भट्टराईले विगतमा देखिएका आर्थिक बेथितिको क्रमशः पहिचान गरी सुधार गर्दै जाने नीति लिइएको बताए । उनका अनुसार सीमित स्रोतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने र अनावश्यक प्रशासनिक खर्च घटाउने सरकारको प्राथमिकता रहेको छ । दरबन्दी कटौतीको प्रक्रिया अब अर्थ मन्त्रालयमा मात्र सीमित नरहने भएको छ ।

प्रदेशका सबै सरकारी निकायलाई संगठन तथा व्यवस्थापन (ओएण्डएम) सर्वेक्षण पूरा गरी न्यूनतम १५ प्रतिशत कर्मचारी दरबन्दी घटाउन निर्देशन दिने तयारी गरिएको मन्त्रालयले जनाएको छ । यससँगै प्रदेश सरकारको प्रशासनिक संरचना पुनरवलोकन गर्ने कामसमेत अघि बढाइएको छ । मन्त्रालयको संख्या घटाउने, दोहोरो काम गर्ने वा अनावश्यक संरचना खारेज तथा एकआपसमा गाभ्ने तयारी अन्तिम चरणमा पुगेको प्रदेश सरकारले जनाएको छ ।

## गाडी खरीदमा मधेश सरकारको नयाँ मापदण्ड

# डेढ करोडको गाडी चढ्ने प्रदेश सरकारले संघलाई ४ करोडसम्मको गाडी किन्ने

**मन्त्री, राज्यमन्त्री, सहायकमन्त्री र उपसभामुखले १ करोड २० लाख, प्रमुख सचिव, आयोगका पदाधिकारी र मुख्य न्यायाधिवक्ताले बढीमा ८० लाख रुपैयाँसम्मको गाडी चढ्न पाउने व्यवस्था गरिएको छ । प्रदेश सचिव वा सो सरहका सुविधा पाउनेलाई ६० लाखको सवारी साधन चढ्ने पाउने व्यवस्था गरिएको छ ।**

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारले प्रदेशका पदाधिकारीहरुलाई बढीमा एक करोड ५० लाख रुपैयासम्मको र संघीय सरकारका पदाधिकारीका लागि ४ करोड रुपैयासम्मको गाडी खरीद गर्न पाउने कानून ल्याएको छ । मधेस अर्थमन्त्रालयले जारी गरेको प्रदेश खर्च मापदण्ड निर्देशिका-२०८३ मा उक्त व्यवस्था गरिएको हो ।




निर्देशिका अनुसार संघीय सरकारका राष्ट्रपति, उप-राष्ट्रपति, प्रधानमन्त्री,सभामुख, राष्ट्रिय सभा अध्यक्ष, प्रधानन्यायाधीश तथा अति विशिष्ट पदाधिकारीहरूको यस प्रदेशमा भ्रमण हुँदा मात्र प्रयोग गर्ने प्रयोजनार्थ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा वार्षिक बजेट तथा कार्यक्रममा उल्लेख भएको निकाय वा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको निकायले बढीमा रु. चार करोड सम्मको एक थान सवारी साधन खरिद गर्न पाउनेछ ।

मधेस प्रदेशका मुख्यमन्त्री र सभामुख चढ्नका लागि गाडी खरिद गर्दा १ करोड ५० लाख रुपैयाँसम्म सवारी सधान खरिद गर्न पाउने व्यवस्था गरिएको छ । सवारी साधनको किसिममा 'जिप' भनिएको छ । तर संघीय पदाधिकारीका लागि कुन प्रकृतिको गाडी खरीद गरिने भने उल्लेख गरिएको छैन ।

निर्देशिकाअनुसार अत्यावश्यक बाहेक अर्थमन्त्रालयको सहमतिबिना चार पांग्रे र दुई पांग्रे सवारी साधन खरिद गरिने छैन । मौजुदा सवारी साधनको प्रयोग मितव्ययी ढंगले नियमित मर्मत सम्भार गरी उपयोग गर्नुपर्ने निर्देशिकको दफा १९ नम्बर बुँदामा उल्लेख छ ।

सवारी साधनको सुविधा प्राप्त पदाधिकारीलाई प्रचलित कानुन तथा प्रदेश सरकारले तोकेको अवस्थामा बाहेक एकभन्दा बढी साधन उपलब्ध गराइने छैन । मन्त्रालय अन्तर्गत अन्य निकायमा भएका सवारी साधनको संख्या र प्रयोगको अवस्था सहितको अद्यावधिक अभिलेख सम्बन्धित निकायले राख्नुपर्ने व्यवस्था पनि निर्देशिकामा गरिएको छ ।

त्यसैगरी मन्त्री, राज्यमन्त्री, सहायकमन्त्री र उपसभामुखले १ करोड २० लाख, प्रमुख सचिव, आयोगका पदाधिकारी र मुख्य न्यायाधिवक्ताले बढीमा ८० लाख रुपैयाँसम्मको गाडी चढ्न पाउने व्यवस्था गरिएको छ। प्रदेश सचिव वा सो सरहका सुविधा पाउनेलाई ६० लाखको सवारी साधन चढ्ने पाउने व्यवस्था गरिएको छ ।

निर्देशिकाअनुसार सवारी साधन खरिद एक वर्ष सम्म वा आपुर्ति वा उत्पादक कम्पनीले मर्मत गरिदिने वारेन्टी अवधि सम्ममा कुनै सवारी साधन मर्मत गर्न परेमा सामान्यता कार्यालयको खर्चबाट व्यहोरिने गरी मर्मत गर्न पाइने छैन ।

### बैठक र भ्रमण भत्ता

यस्तै बैठक भत्ता बारे कानून बमोजिम गठित समिति बाहेक एउटै निकायको पदाधिकारी वा कर्मचारी मात्र सम्मिलित बैठकमा भत्ता नदिने भनिएको छ । प्रचलित कानून बमोजिम गठित समिति वा लेखा उत्तरदायी अधिकृतको निर्णय वा आदेशबाट गठित समिति वा कार्यदलको बैठकको लागि मात्र भत्ता प्रदान गरिनेछ ।

समिति वा कार्यदलमा सात जना भन्दा बढी सदस्य राख पाइने छैन् भने बैठकमा विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा तीन जना आमन्त्रित सदस्यका रूपमा राख्न सकिनेछ । बैठक व्यवस्थापनमा सहयोग गर्न एक जना कार्यालय सहायक र सहयोगी कर्मचारीलाई खटाउन सक्नेछ र निजलाई प्रति बैठक पाँच सय रुपैंया उपलब्ध गराइनेछ ।

(६) यस दफा बमोजिम एक दिनमा जतिसुकै पटक बैठक बसेको भए तापनि एक व्यक्तिले जुनसुकै विषयमा बिहान र बेलुका गरी दुई वटा बैठकको मात्र बैठक भत्ता लिन पाउनेछ । तर सार्वजनिक बिदाको दिनमा बैठक बस्दा तीन वटासम्म बैठकको बैठक भत्ता लिन पाउनेछ ।

नियमित बैठकको भत्ता उपलब्ध गराइनेछ भने नियमित बैठक कार्यालयमै गर्नुपर्नेछ । होटेल वा कार्यालयभन्दा बाहिरका अन्य स्थानमा बैठक आयोजना गरे भत्ता पाउने छैन । सो निर्देशिकामा विना विभागीय मन्त्रीलाई आवास वापतको रकम नदिइने भनिएको छ ।

त्यसैगरी भ्रमणमा जाँदा स्वदेशभित्र भ्रमण गर्दा पदाधिकारीसँग जाने मुख्यमन्त्री र सभामुखको सचिवालयका कर्मचारी दुई जना, सुरक्षाकर्मी दुई जना मात्र र अन्य पदाधिकारीको हकमा सचिवालयका कर्मचारी एक जना, सुरक्षा एक जना र सरकारी सवारी साधन प्रयोग गरिएको भ्रमणमा एक जना हलुका सवारी चालकको मात्र दैनिक तथा भ्रमण खर्चको बिल भुक्तानी दिइनेछ ।

सरकारी निकायको पदाधिकारीले आयोजना सम्बद्ध निर्माण व्यवसायी वा परामर्शदाताको खर्चमा स्वदेश वा विदेश भ्रमण गर्न पाइने छैन । कार्यालयमा विनियोजित अनुगमन, मूल्यांकन खर्चबाट व्यहोर्ने गरी मधेश प्रदेशका जिल्लाहरू भन्दा बाहिर गएको काज वा भ्रमणको विल भुक्तानी गर्न पाइने छैन ।

यस दफा बमोजिम दैनिक भ्रमण भत्ता भुक्तानी दिँदा प्रदेश भित्रको भ्रमणको हकमा एक पटकमा बढीमा ४ (चार) दिन, प्रदेश बाहिरको भ्रमणको हकमा एक पटकमा बढीमा ५ (पाँच) दिन र पटक-पटक गरी भ्रमण गर्दा एक महिनामा कूल १२ (बाह) दिनभन्दा बढी अवधिको भत्ता दिइने छैन । तर, कुनै तालिम कार्यक्रम वा पूर्व निर्धारित लामो समयको विशेष कार्यक्रममा सहभागी भएको हकमा यो अवधिको सीमा लागू हुनेछैन । सो को पुष्टायाइँ कागजात भ्रमण प्रतिवेदन साथ संलग्न राखुपर्नेछ ।

# अदालतको आदेश विपरित टेलिकम भवन भत्काइयो

टुडे समाचारदाता

वीरगञ्ज । नेपाल टेलिकमको वीरगञ्जस्थित घण्टाघर छेउमा रहेको दूरसञ्चार कार्यालयको भवन उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जले दिएको अल्पकालीन अन्तरिम आदेश बाबजुद डोजर चलाइएको जनाएको छ। वीरगञ्जको मुख्य सडक विस्तार सम्बन्धी कार्य तत्काल नगर्न र नगराउन माग गर्दै नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक सङ्गीता पहाडी (अर्याल) ले गत साउन २८ गते रिट निवेदन दायर गरेकी थिइन् ।



विपरित सडक डिभिजन कार्यालय हेटौँडाले भत्काएको आरोप लगाइएको छ ।

नेपाल टेलिकमले प्रेस विज्ञप्ति जारी गरी अदालतको स्टे अर्डरका

उक्त रिटमा सुनुवाइ गर्दै उच्च अदालत वीरगञ्ज इजलासले साउन २९ गते सडक विस्तार कार्य तत्काल अघि नबढाउन अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो ।

अदालतमा दायर ०८३-६इ-००८५ नम्बरको मुद्दामा विपक्षीहरूलाई माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो भन्ने विषयमा लिखित जवाफ पेस गर्न भनिएको थियो ।

म्याद तामेल भएको मितिले बाटोको म्याद बाहेक १५ दिनभित्र प्रमाणसहित लिखित जवाफ पेस गर्न सडक डिभिजन कार्यालय हेटौँडा तथा जिल्ला प्रशासन कार्यालय पर्सासहितका विपक्षीलाई निर्देशन दिइएको थियो ।

अदालतले दिएको प्रस्ट आदेशपछि पनि सडक डिभिजन कार्यालय हेटौँडाले नापी विभागबाट तय भएको नक्साङ्कन भन्दा फरक हुने गरी गत साउन ३० र ३१ गते दुई वटा स्काभेटर प्रयोग गरेर टेलिकमको भवन भत्काएको हो ।

उच्च अदालतले भदौ ४ गते अन्तरिम आदेशका सम्बन्धमा थप छलफलका लागि पेसी तोकेको छ । आदेशको जानकारी विपक्षीहरूलाई यथाशीघ्र गराउन निर्देशन भइसकेको र मुद्दा सम्बन्धी थप निर्णय समेत भदौ ४ गते नै हुने विज्ञप्तिमा उल्लेख छ ।

टेलिकमका प्रवक्ता डा. कमल लामिछानेले विज्ञप्ति मार्फत स्वीकृत मापदण्डभित्र रही भवनको संरचना पुनर्निर्माण गर्न टेलिकम प्रतिबद्ध रहेको अवस्थामा समेत एकपक्षीय तवरबाट भवन भत्काइएकोमा कम्पनीले तीव्र असन्तुष्टि व्यक्त गरेको छ ।

# निर्णय सच्याउन मोर्चाको माग

टुडे समाचारदाता

काठमाण्डू । जसपा नेपालको निर्देशन विपरित लुम्बिनी प्रदेशमा सो पार्टीका सांसदलाई मन्त्री बनाउने निर्णय सच्चाउन विभिन्न दल सम्मिलित अग्रगामी मोर्चाले माग गरेको छ । मोर्चाको मंगलबार बसेको बैठकले उक्त निर्णय गरेको हो ।

साथै प्रदेश सभामा जसपाका सांसदहरूले सरकारको पक्षमा मतदान गराउने कार्यको समेत मोर्चाले विरोध गरेको छ ।

'संसदीय व्यवस्था, लोकतान्त्रिक प्रणालीको मान्यता विपरीत हुनुका साथै अनैतिक कार्य समेत भएको हुँदा सोको मोर्चा घोर भर्त्सना र निन्दा गर्दछ । उक्त अनैतिक एवं असंसदीय कार्यलाई तुरुन्त सच्चाउन समेत अनुरोध गरिन्छ', बैठकपछि मोर्चाले जारी गरेको विज्ञप्तिमा भनिएको छ । मोर्चामा जसपा नेपाल, आजपा, प्रलोपालगायतका राजनीतिक दलहरू सहभागी छन् ।

# भारत-नेपाल सीमामा सोमालियाली नागरिक पक्राउ



टुडे समाचारदाता

रौतहट । रौतहटसँग जोडिएको भारत-नेपाल सीमावर्ती क्षेत्रमा शंकास्पद गतिविधि गरिरहेको अवस्थामा एक जना सोमालियाली नागरिक पक्राउ परेका छन् ।

सीमामा खटिएका भारतको सशस्त्र सीमा बल (एसएसबी) २० औं बटालियन भंगहाको टोलीले सोमबार साँझ बैधनाथपुर क्षेत्रबाट काफी अली उर्फ हासी अलीलाई नियन्त्रणमा लिएको हो ।

प्रारम्भिक विवरणअनुसार भारतीय बजार घोडासहनबाट बस चढेर बैधनाथपुर पुगेका उनी सीमावर्ती क्षेत्रमा शंकास्पद गतिविधि गरिरहेको अवस्थामा एसएसबीको निगरानीमा परेका थिए । एसएसबीले नियन्त्रणमा लिँदा उनको साथबाट २५ हजार भारतीय रुपैयाँ नगद, मोबाइल फोन, माइक्रोफोन लगायतका सामग्री बरामद भएको जनाएको छ ।

पक्राउ परेका अली अवैध रूपमा भारत-नेपाल सीमा पार गर्ने तयारीमा रहेको हुनसक्ने आशंका सुरक्षा निकायले गरेको छ। उनको राहदानी, यात्रा कागजात तथा अन्य विवरणसमेत जाँच भइरहेको जनाइएको छ ।

विदेशी नागरिक सीमावर्ती क्षेत्रमा शंकास्पद अवस्थामा भेटिएपछि सुरक्षा निकायले घटनालाई संवेदनशील रूपमा लिँदै थप अनुसन्धान अघि बढाएको छ । उनी नेपाल प्रवेश गर्न खोज्दै थिए वा सीमावर्ती क्षेत्रमा पुग्नुको अन्य कुनै उद्देश्य थियो भन्ने विषयमा समेत अनुसन्धान भइरहेको बताइएको छ ।

एसएसबीका अनुसार पक्राउ परेका अलीसँग सोधपुछ जारी छ। उनको यात्रा विवरण, नेपाल प्रवेशको सम्भावित उद्देश्य तथा सीमावर्ती क्षेत्रमा रहेको स्थानीय सम्पर्कबारे अनुसन्धानपछि थप तथ्य खुल्ने अपेक्षा गरिएको छ ।

घटनापछि भारत-नेपाल सीमावर्ती क्षेत्रमा सुरक्षा निगरानी थप कडा पारिएको छ। पक्राउ परेका विदेशी नागरिकमाथि हुने कानुनी कारबाही तथा उनको वास्तविक उद्देश्यबारे भने अनुसन्धान पूरा भएपछि मात्रै थप विवरण सार्वजनिक गरिने सुरक्षा निकायले जनाएको छ ।

**मानव बेचबिखन नियन्त्रण गरौं**

**मानव बेचबिखन भन्नाले:**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृतिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउने जस्ता कार्य हुन् ।

**तसर्थ:**

- मानव बेचबिखनजन्य कार्य गर्ने/गराउनेलाई कानूनबमोजिम कारवाही हुन्छ,
- मानव बेचबिखन गरे/गराएको जानकारी पाएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८